आज मिति २०७८।०७।१५ गतेका दिन यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र बहादुर खडका ज्यू को अध्यक्षतामा तपशिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न बमोजिमका निर्णय गरियो ।

| सि.नं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बीरेन्द्र बहादुर खडका | नगर प्रमुख | |
| २ | श्री जुना जाग्री | नगर उपप्रमुख | |
| ३ | श्री गगन बहादुर सिंह | १ नं. वडा अध्यक्ष | — |
| ४ | श्री शुक्रराज जोशी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री कलक बहादुर ओली | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री गगन बहादुर खाती | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री डम्बर बहादुर सिंह | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री नरेन्द्र बहादुर सिंह | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री हरिचन्द्र जोशी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नवराज कोईराला | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री वजीर वहादुर खडका | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री ~~दल बहादुर बिष्ट~~ कुमारी हिरा भट्ट | १० नं.वडा का.वा. अध्यक्ष | |
| १३ | श्री केशव बहादुर रोकाया | ११ नं. वडा अध्यक्ष | — |
| १४ | श्री सुनिता धामी खडका | महिला सदस्य | |
| १५ | श्री गंगा कुमारी राना | महिला सदस्य | |
| १६ | श्री जानकी बम्म | महिला सदस्य | |
| १७ | श्री सावित्री बिष्ट खडका | महिला सदस्य | |
| १८ | श्री गीता देवी बि.क. | महिला दलित सदस्य | |
| १९ | श्री प्रकाश बि.क. | दलित सदस्य | |
| २० | श्री शंकर रसाईली | दलित सदस्य | |
| २१ | श्री हरिभान कामी | दलित सदस्य | |
| २२ | श्री लाल बहादुर खाती | सचिव | |
| २३ | कुम्भ ब. रावल | लेखापाल | |
| २४ | गोविन्द ब. बिष्ट | लेखा अधिकृत | |
| २५ | कलक ब. खड्का | सहायक चौथो | |

Scanned with CamScanner

**प्रस्तावहरु:**

**प्रस्ताव नं. १.** परियोजनाका कर्मचारीहरु छनौटका लागि विज्ञापन निकाल्ने सम्बन्धमा ।

**प्रस्ताव नं. २.** परियोजनाका कर्मचारी छनौटका लागि परिक्षा समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं. ३.** परियोजनाका कर्मचारीहरुको लिखित परिक्षाका प्रश्नावली निर्माण र लिखित परिक्षाको कापी जाँच सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नम्बर १.** संयुक्त राष्ट्रसंघिय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत यस परियोजनाका अन्य साझेदार संस्थाहरुको साझेदारीमा जयपृथ्वी नगरपालिकासँगको सहकार्यमा *"लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना (GBVPR)"* दोस्रो चरण सञ्चालनका लागि परियोजनाका साझेदार संस्था र यस जयपृथ्वी नगरपालिका, बझाङ्ग वीच आ.ब. २०७८/०७९ देखि आ.ब. २०७९/०८० सम्म सम्झौता भए अनुसार परियोजनाको तर्फबाट यस न.पा.को वार्ड नं. १, ३, ७, ९ र ११ मा १ जनाका दरले गरी ५ जना मनोसामाजिक कार्यकर्ता, १ जना मनोसामाजिक कार्यकर्ता संयोजक र बझाङ्ग जिल्ला अस्पतालमा संचालित एकद्वार संकट व्यवस्थापन केन्द्रका लागि २ जना घटना व्यवस्थापक आवश्यक भएकाले सो पदहरु पूर्ति गर्न १० दिने विज्ञापन सूचना निकाल्ने निर्णय गरियो । ती विज्ञापन गरिने पदहरुमा उमेदवारहरुको छनौटका लागि आवश्यक पर्ने विज्ञापन मिति, शैक्षिक योग्यता, उमेर, अनुभव तथा वाञ्छनीय योग्यता, छनौट परिक्षाको मापदण्ड तपशिल बमोजिम हुनेछ ।

Scanned with CamScanner

## कर्मचारी आवश्यकता सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१६

संयूक्त राष्टसंघिय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र जयपृथ्वी नगरपालिकासंगको सहकार्यमा "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना" सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरू र यस जयपृथ्वी नगरपालिका, बझाङ्ग बीच भएको सम्झौता वमोजिम यस नगरपालिकाका सबै वडाहरुमा उक्त कार्यक्रम सञ्चालन हुने भएको हुँदा यस नगरपालिका अन्तरगत रही कार्य गर्ने गरी निम्न पदहरूमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुवाट दरखास्त आव्हान गरिएको छ ।

**बिज्ञापन नं. १।०७८।०७९-पद: सामुदायिक मनोसामाजिक संयोजक – १ जना (महिला)**

**शैक्षिक योग्यता:** प्रविणता प्रमाणपत्र वा १०+२ उत्तीर्ण गरी मनोपरामर्शको तालिम लिई कम्तीमा पनि २ वर्षको अनुभव भएको

**उमेर:** २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव तथा वाञ्छनीय योग्यता:**

- सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वयको कामको अनुभव भएको ।
- लैङ्गिक हिंसा र प्रतिकार्यको क्षेत्रमा काम गरेको अनुभव भएको ।
- प्रभावित व्यक्तिहरुको लागि मनोपरामर्श सेवामा काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
- मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेखको अनुभव भएको ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- टिमसंग मिलेर काम गर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुसँग संयोजन गर्नसक्ने ।
- अन्तरव्यक्ति सञ्चार तथा नेतृत्व सीप भएको ।
- पालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत अन्य सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरी काम गर्न सक्ने क्षमता भएको ।
- स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावारे राम्रो जानकारी भएको ।
- इमेल, इन्टरनेट, MS Word, MS Excel तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत स्थानीयलाई विशेष ग्राह्यता दिइनेछ ।

**छनौट परिक्षा:** लिखित तथा अन्तरबार्ता

**बिज्ञापन नं. २।०७८।०७९- पद: सामुदायिक मनोसामाजिक कार्यकर्ता : ५ जना (महिला)** - वडा न. १, ३, ७, ९, ११ का लागि

**शैक्षिक योग्यता :** एसईई वा सो सरह उत्तीर्ण गरेको ।

**उमेर:** २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव एवं वाञ्छनीय योग्यता:**

- समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा काम गरी अनुभव प्राप्त गरेकालाई प्राथमिकता दिईनेछ ।
- समुदायमा निहित लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा काम गर्न रुची राख्ने ।
- एक जना सामुदायिक मनोसामाजिक कार्यकर्ताले एउटा वडा भरी गतिविधिहरु सञ्चालन गर्नुपर्ने भएकोले उम्मेदवार सम्वन्धित वडाको हुनुपर्नेछ । सम्वन्धित वडामा योग्य उम्मेदवार नआएमा भौगोलिक सहजताका आधारमा सँगैको वडाका सक्षम उम्मेदवार आएमा पनि छनौट गर्न सकिने छ र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रोसंग वहन गर्न कटिवद्ध रहने ।

Scanned with CamScanner

- स्पष्ट रुपले सञ्चार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राख्ने ।
- स्थानीय स्तरमा क्लब, किशोरी समुह, महिला समूह तथा सञ्जाल, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।
- उत्सुक एवं नयां विषयवस्तु सिक्न इच्छा भएकालाई विशेष प्राथमिकता दिइने ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

**छनौट परिक्षा:** अन्तरवार्ता मात्रै

**बिज्ञापन नं. ३।०७८।०७९-पद: मामला ब्यवस्थापक: २ जना (महिला)**

**शैक्षिक योग्यता:** स्नातक तह उत्तिर्ण गरी कम्तिमा छ महिने मनोपरामर्शको तालिम लिएको वा प्रविणता प्रमाणपत्र वा प्लस टु उत्तीर्ण गरी मनोपरामर्शमा ६ महिनाको तालिम लिई कम्तीमा पनि १ वर्षको अनुभव भएको वा कम्तीमा प्रविणता प्रमाणपत्र वा १०+२ उत्तिर्ण गरी मानसिक स्वास्थ्य वा मनोसामाजिक सहयोगको क्षेत्रमा ३ वर्षको कार्य अनुभव भएको ।

**उमेर :** २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**कामको मूख्य जिम्मेवारी:**

- लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई बभाङ्ग अस्पताल संचालित एकद्वार संकट ब्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानुनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय गरी सहयोग गर्ने ।
- लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यलाई एकद्वार संकट व्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदायस्तरमा नै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने ।
- सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्वारा जिल्लामा गरिने सुपरभिजन कार्यक्रममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको बारेमा ज्ञान, सीप सिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।
- लैङ्गिक हिंसाबाट पीडितमा देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्वार संकट व्यवस्थापन केन्द्रबाट मात्रै सम्भव नभएमा बभाङ्ग जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई प्रेषण गर्ने ।
- पहिचान गरिएको केशको विस्तृत मनोसामाजिक आयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाईल बनाएर उक्त अभिलेख एकद्वार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढंगले राख्ने । यस्तो केन्द्रबाट उपलब्ध गराईएको सबै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसाबले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए.को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

**अनुभव एवं वाञ्छनीय योग्यता:**

- कम्तीमा पनि १२ कक्षा उत्तीर्ण गरी मनोपरामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम, सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाहरुबाट कम्तिमा ६ महिनाको मनोपरामर्श तालिम लिएको हुनुपर्ने छ ।
- मनोपरामर्शमा PGD वा मनोविज्ञान/मनोपरामर्शमा स्नातक गरेकोले प्राथमिकता दिईने छ ।
- कम्तिमा २ वर्ष मनोसामाजिक सहयोगको क्षेत्रमा समुदायमा काम गरेको हुनुपर्नेछ । मनोपरामशकर्ता भई लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग पुर्याउने काममा सहयोग गरेकालाई प्राथमिकता दिईने छ ।
- मामला व्यवस्थापनमा कार्य गरेको अनुभव भएकोलाई प्राथमिकता दिईने छ ।
- प्रतिवेदन लेखन, तथ्यांक/जानकारी संकलन, संचार, संयोजनको आवश्यक सीप भएको ।
- आफुले मनोपरामर्श सेवा दिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको ।
- स्थानीय सरकार, एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षावास सञ्चालन गरेका संस्था तथा अन्य सहयोगी संघसंस्थाहरुसंग कार्यगत सम्बन्ध राख्न सक्ने हुनुपर्ने ।

Scanned with CamScanner

• स्थानीय र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।
**छनौट परिक्षाः** लिखित तथा अन्तरवार्ता

**पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरूः**
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा विवाहित भए विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि १, १ थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता, तालिम तथा अनुभवका प्रतिलिपि १ थान ।
- दरखास्त दिन चाहेको पदको निवेदन
- व्यक्तिगत विवरण (बायोडाटा)

**परिक्षा विषयवस्तुः** लैगिक हिंसा, मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श सेवा तथा समसामयिक सवाल ।

योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (उक्तदिन बिदा परेमा त्यसको भोलिपल्ट) जयपृथ्वी नगरपालिकाको कार्यालय समय भित्र निवेदन, व्यक्तिगत विवरण (बायोडाटा) साथै तालिम तथा अनुभवको प्रमाणपत्र सहित आवश्यक कागजाज सहित निम्न ठेगानामा बुझाउन वा ईमेल गर्न यो सुचना जारी गरिएको छ ।

**कार्यालयः** जयपृथ्वी नगरकार्यपालिकाको महिला शाखा
**सम्पर्क फोन नं.:** ०९२ ४२१०६४
**ईमेलः** jpmunicipality2014@gmail.com

**पुनश्चः** छोटो सुचीमा परेका उम्मेदवारलाई मात्रै लिखित तथा अन्तरवार्तामा सहभागी गराईनेछ । परिक्षा र अन्तरवार्ताबाट उमेदवार छनौट अन्तिम निर्णय परिक्षा समिति निर्णय नै अन्तिम हुनेछ ।

**निर्णय नम्बर २.** संयूक्त राष्ट्रसंघिय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल साझेदारीमा जयपृथ्वी नगरपालिकासँगको सहकार्यमा संचालित *"लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना (GBVPR)"* दोस्रो चरण परियोजनाका लागि आवश्यक पर्ने कर्मचारीहरु ५ जना मनोसामाजिक कार्यकर्ता, १ जना मनोसामाजिक कार्यकर्ता संयोजक र बझाङ्ग जिल्ला अस्पतालमा संचालित एकद्वार संकट व्यवस्थापन केन्द्रका लागि २ जना घटना व्यवस्थापक छनौट गर्न आवश्यक पर्ने लिखित तथा अन्तरवार्ता परिक्षा संचालन र व्यवस्थापनका लागि तीन सदस्य परिक्षा समिति गठन गर्ने निर्णय गरियो ।
तपशिलः
परिक्षा समितिको संयोजकः प्रमुख प्रशासकीय अधिकृत, जयपृथ्वी नगरपालिका
परिक्षा समितिको सदस्यः योजना अधिकृत, जयपृथ्वी नगरपालिका
परिक्षा समितिको सदस्यः प्रतिनिधि, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल
अवलोकनकर्ताः जिल्ला प्रतिनिधि, संयूक्त राष्ट्रसंघिय जनसंख्या कोष (युएनएफपिए)

**निर्णय नम्बर ३.** *"लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना (GBVPR)"* दोस्रो चरण परियोजनाका लागि आवश्यक पर्ने कर्मचारीहरु मनोसामाजिक कार्यकर्ता, मनोसामाजिक कार्यकर्ता संयोजक र बझाङ्ग जिल्ला अस्पतालमा संचालित एकद्वार संकट व्यवस्थापन केन्द्रका लागि घटना व्यवस्थापक छनौट गर्न लिने लिखित परिक्षाको प्रश्नावली तयार, लिखित परिक्षार्थीको कापी जाँच गर्ने र अन्तरवार्ताका लागि आवश्यक पर्ने प्राविधिक सहयोग मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपालसँग लिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ४

जयपृथ्वी नगरपालिका वडा नं. ६ देवलमा रहेको अनाथ बालआश्रम संचालनको लागि संस्थाहरूलाई कार्यविधि सहित प्रस्ताव माग सम्बन्धि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

चालु आ०व० ०७८।०७९ का लागि नगरसभाबाट विनियोजन गरेको गोलाई गाड सिंचाई पोखरी वडा नं. ५ रकम रु. २,००,०००।- (दुई लाख) लाई गोलाई गाड सिंचाई कुलो निर्माण योजनाको नाममा संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

मिति २०७८।६।३१ गते देखि मिति २०७८।७।३ गते सम्म आएको अविरल वर्षाका कारण जयपृथ्वी नगरपालिका क्षेत्र भित्र अवरुद्ध भएका सडकहरू सफा गरि चाँडो संचालनमा ल्याउने निर्णय गरियो ।

Scanned with CamScanner